annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९६ पृष्ठ ८ | काठमाडौं, शनिबार १७ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४५ | SATURDAY, MARCH 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



# रंगीन दुनियाँको अद्भुत रामोजी फिल्म सिटी

**भारतको रामोजी फिल्म सिटी एउटा सपनाको सहर हो। विश्वभरि निकै रुचाइएका विश्वकै महँगा फिल्म/टेलिसिरिज त्यहीं सुटिङ भएका हुन्। अर्थात्, जुन सहरले विपनामै बलिउडलाई एकसे एक सुपरहिट चलचित्र दिन सफल भएको छ।**

**राधा खनाल** | *काठमाडौं*

– हैदरावादबाट फर्केपछि

समाचार पृष्ठ २

## भित्री पृष्ठ



त्यो आदिम सभ्यता, यो आधुनिक सभ्यता - *पृष्ठ ३*



अनिँदो रात - *पृष्ठ ४*



बाकु : समुद्रभन्दा होचो सहर - *पृष्ठ ५*




विद्युत् प्राधिकरणको ६ महिनामा नाफा साढे ११ अर्ब - *पृष्ठ ७*

### कुमारी सहकारी हिनामिना

# जिसस प्रमुखसहित २५ विरुद्ध मुद्दा दायर

## १ अर्ब १३ करोड हिनामिना

**सन्तोष गौतम** | *बेनी*

बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाको रकम हिनामिनामा संलग्न जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापासहित २५ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर भएको छ। सरकारी वकिल कार्यालयले १ अर्ब १३ करोड ३३ लाख ९९ हजार ३० रुपैयाँ बिगो दाबीसहित मुद्दा हालेको हो।

सहकारी रजिस्ट्रारको कार्यालय पोखराको सिफारिसमा जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धानपछि उनीहरूविरुद्ध म्याग्दी जिल्ला अदालतमा अभियोगपत्र दर्ता भएको हो। संगठित रूपमा सहकारीमा निक्षेप रहेको सेयर तथा बचत रकम, संस्थाको सम्पत्ति र बाह्य ऋणबापतको रकम, नेपाल सरकारको राजस्वसमेत हानिनोक्सानी पुर्‍याई सहकारी ऐन, २०७४ को नियमावली २०७५ र संस्थाको विनियमविपरीत गरेका उनीहरूलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ बमोजिम थप अनुसन्धान र कारबाही गर्न पनि माग गरिएको छ।



जिल्ला अदालत म्याग्दीका सूचना अधिकारी डिल्लीराम पौडेलले मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ३२ बमोजिम दर्ता भएको अभियोगपत्रका विषयमा आगामी आइतबारदेखि थुनछेक बहस सुरु हुने जानकारी दिए। 'समय अभावका कारण बिहीबार प्राप्त भएको अभियोगपत्र दर्ता मात्र भएको छ,' उनले भने 'आइतबारदेखि थुनछेक बहस सुरु हुन्छ।'

सहकारीका वर्तमान र पूर्वसञ्चालक समितिका पदाधिकारी, सदस्य, लेखा र ऋण समितिका संयोजक तथा सदस्यहरूलाई विपक्षी बनाइएको छ। २०८१ माघ २० गते पक्राउ परेका ५ र फागुन ७ गते पक्राउ परेका एक जना प्रहरीको हिरासतमा र १९ जना फरार छन्। अनुसन्धान प्रभावित हुने भन्दै प्रहरी, वकिल कार्यालय र अदालतले पक्राउ नपरेका आरोपितहरूको नाम सार्वजनिक गरेका छैनन्।

बेनी नगरपालिका-१ का ३६ वर्षीय थापा कुमारी सहकारीका पूर्वसचिव, उपाध्यक्ष र ऋण समितिको पदाधिकारी हुन्। २०७९ को स्थानीय तह निर्वाचनमा एमालेबाट जिल्ला समन्वय समितिको प्रमुखमा निर्वाचित भएका थिए। थापाले सहकारीको १७ करोड ५८ लाख ६३ हजार ४ सय २६ रुपैयाँ हिनामिना गरेको अनुसन्धानबाट पुष्टि भएको छ।

उक्त सहकारीका पूर्वप्रबन्धक जलजला गाउँपालिका-३ पर्वत बेनीका ५३ वर्षीय रुद्र गुरुङले १३ करोड ५९ लाख ४८ हजार ६ सय ९ रुपैयाँ अपचलन गरेको अनुसन्धानबाट खुलेको छ। अनुसन्धान प्रतिवेदनअनुसार सहकारीका सचिव, पूर्वसहसचिव र लेखा समिति सदस्य बेनी नगरपालिका-१ की ४९ वर्षीया देवीकुमारी थापाले ३ करोड ७१ लाख ४ हजार ६ सय ३१ रुपैयाँ र पूर्वअध्यक्ष रघुगंगा गाउँपालिका-५ का ६७ वर्षीय मनप्रसाद थजालीले ५ करोड ८२ लाख ६६ हजार सात रुपैयाँ हिनामिना गरेका छन्।

पूर्वकोषाध्यक्ष, पूर्वअध्यक्ष, पूर्व ऋण समिति सदस्य अन्नपूर्ण गाउँपालिका-७ का ६६ वर्षीय थमबहादुर गर्बुजाविरुद्ध ४ करोड ५५ लाख ९४ हजार २ सय २७ रुपैयाँ र लेखा समितिका पूर्वसदस्य बेनी नगरपालिका-४ का ३७ वर्षीय लोकबहादुर पुन (लोकेश)ले २ करोड १० लाख ४६ हजार ४४ रुपैयाँ हिनामिना गरेका छन्।

» बाँकी पृष्ठ ६

## पहिलो महिला न्यायाधीश श्रेष्ठको निधन



**अन्नपूर्ण** | *काठमाडौं*

नेपालकी पहिलो महिला न्यायाधीश शारदा श्रेष्ठको शुक्रबार निधन भएको छ। ८४ वर्षीया पूर्वन्यायाधीश श्रेष्ठको महाराजगन्जस्थित प्रहरी अस्पतालमा उपचारका क्रममा निधन भएको सर्वोच्च अदालतका सूचना अधिकारी नीराजन पाण्डेले जानकारी दिए। ललितपुर पाटनमा जन्मेकी श्रेष्ठ नेपालको पहिलो महिला न्यायाधीश हुन्। २६ वर्षकै उमेरमा उनी न्याय क्षेत्रमा प्रवेश गरेकी हुन्। २०२३ सालमा भूमिसुधारको विशेष अदालतबाट सेवा सुरु गरेकी उनले केही समय कानुन मन्त्रालयमा अधिकृतका रूपमा कार्य गरेकी थिइन्। २०२७ सालमा उनी जिल्ला न्यायाधीशमा नियुक्त भएकी थिइन्। तत्कालीन पुनरावेदन अदालतको मुख्य न्यायाधीशहुँदै २०६१ वैशाख ३ गते सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त भएकी थिइन्। सर्वोच्च अदालत पुग्ने उनी दोस्रो महिला न्यायाधीश हुन्।

# रेडक्रसको आबद्धता खारेज गर्न सीएमसीको सिफारिस

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटिजहरूको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) को अनुपालन तथा मध्यस्थता समिति (सीएमसी)ले नेपाल रेडक्रस सोसाइटीको आबद्धता खारेज गर्न सिफारिस गरेको छ। सीएमसीले आईएफआरसीको गभर्निङ बोर्डलाई यस्तो सिफारिस गरिएको सरकारलाई जानकारी गराइसकेको छ। बोर्डले अन्तिम निर्णय गर्नेछ।

यसअघि सीएमसीले नेपाल रेडक्रसका दुवै समानान्तर समितिलाई २४ फेब्रुअरी २०२५ को अन्तिम समयसीमा तोकेर 'अल्टिमेटम' दिएको थियो। तोकिएको समयमा गर्नुपर्ने काम नगरेपछि आबद्धता खारेज गर्ने निष्कर्षमा सीएमसी पुगेको हो।

हाल प्रा. सुदर्शनप्रसाद नेपाल र विशाल भण्डारीका दुई समूह रेडक्रसमा छन्। आईएफआरसी अन्तर्गतको सीएमसीका संयोजक क्रिस्टिना कम्पुलाले नेपाल सरकार, प्रा. नेपाल र भण्डारीको नै नाममा पत्र पठाएर नेपाल रेडक्रसको प्रतिबन्धको सिफारिस गरिएको जनाएकी छन्। रेडक्रसका कार्यसमिति (सीईसी) सदस्यहरू व्यक्तिगत रूपमा राजनीतिक कोटा प्रणालीको समर्थन वा स्वीकार गरेको प्रमाणित भएमा प्रतिबन्ध लगाउने व्यवस्था रहेको सीएमसीले जनाएको छ। उसले दिएको मितिमा दुवै समूहबीच सहमति जुट्न सकेन। पाँचौं पटक राउन्ड टेबलमा सहमति नजुटेपछि सीएमसीले यस्तो सिफारिस गर्नुपरेको जनाएको छ। दुवै समूहले रेडक्रसको विधान संशोधन गर्ने र संशोधित विधानअन्तर्गत मे, २०२५ भित्र निष्पक्ष र खुला निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए।

कम्पुलाका अनुसार दुवै समानान्तर समितिका प्रतिनिधिहरूबीच हस्ताक्षरसहित भएको सहमतिपछि केही आशा पलाएको थियो। तर दुई समूहले यसबीच सरोकारवालासँग कुनै छलफल गरेको नदेखिएको कम्पुलाले जनाएकी छिन्। 'परिवर्तन समूह र कर्मचारीसँग सहमति पनि भएको छैन्। परिवर्तन समूह र कर्मचारी प्रतिनिधिहरूजस्ता केही महत्त्वपूर्ण सरोकारवालाहरू सम्झौतामा हस्ताक्षर गर्ने छलफलमा अनुपस्थित थिए,' पत्रमा उल्लेख छ।

पत्रका अनुसार प्रा. नेपाल नेतृत्वको ६६ सदस्यीय कार्यसमिति र १५ सदस्यीय कार्यसमूहबीचको कार्यविधि तथा कार्यादेश (टीओआर)सम्बन्धी स्पष्टता अभाव देखिएको छ। साथै कसले कुन समूहमा समावेश हुने भन्ने विषय पनि अस्पष्ट छ।

> 'हामीले हालै रेडक्रसको समितिमा राजनीतिक कोटा वितरणका प्रस्तावहरू छलफल भइरहेको भन्ने जानकारी पाएका छौ। यसमा गम्भीरता र तत्परताको अभाव देखिदा सिएमसीलाई अत्यन्त निराश बनाएको छ।'
>
> **क्रिस्टिना कम्पुला, संयोजक सीएमसी**

निर्धारित समयसीमा वा कार्ययोजनाबिना नै प्रक्रिया अघि बढाइएको छ। सीएमसीले दिएका लक्ष्य वा माइलस्टोनहरू प्राप्त गर्न कुनै समयसीमा तय गरिएको नदेखिएको पत्रमा उल्लेख छ। रेडक्रसको अन्तर्राष्ट्रिय मान्यताअनुसार ६६ सदस्यीय कार्यसमिति नै बनाउन पाइँदैन। तर भागबन्डाको आधारमा यति ठूलो कार्यसमिति बनाइयो। यसअन्तर्गत १५ सदस्यीय कार्यसमूह बनाएर काम गर्ने गरियो।

'निर्धारित समयसीमाभन्दा बढी समय प्रदान गरिए तापनि, थप कुनै प्रगति भएको देखिएन। सीएमसीलाई गम्भीरता र तत्परताको अभाव देखिनु अत्यन्त निराशाजनक लागेको छ,' क्रिस्टिनाले भनेकी छन् 'हामीले हालै रेडक्रसको समितिमा राजनीतिक कोटा वितरणका प्रस्तावहरू छलफल भइरहेको भन्ने जानकारी पाएका छौं।' २४ फेब्रुअरीपछि पनि थप २४ घण्टाको समय सीएमसीले दिएको थियो तर त्यो समयमा पनि उनीहरूबीच सहमति जुट्न सकेन।

सीएमसीले यो विषयलाई निक्कै गम्भीर रूपमा लिएको उनले जनाएकी छन्। सीएमसीले व्यक्तिगतरूपमा पनि रेडक्रसको आधारभूत सिद्धान्तविपरीत गएका व्यक्तिलाई निलम्बन गर्ने जनाएको छ। उनले भनेकी छन्, 'यो विषय निक्कै गम्भीर रूपमा लिएको छ र यसलाई गम्भीर भएर हेर्नुहुनेछ भन्ने आशा लिएका छौ। यदि यो सत्य सावित भयो भने सीएमसी प्यानलले ती व्यक्तिहरूलाई व्यक्तिगत रूपमा प्रतिबन्ध (सिफारिस गर्नेछ, जसले यस्ता प्रस्तावहरू अघि सारेका वा स्वीकार गरेका छन्।'

रेडक्रसको आर्थिक अवस्था अत्यन्त कमजोर भएको अवस्थामा कर्मचारीको पुनर्संरचना गर्ने योजना बनाइएको भन्दै सीएमसीले चिन्ता जनाएको छ।

उसले भनेको छ, 'गम्भीर आर्थिक संकटबीच, संस्थाले नयाँ वरिष्ठ व्यवस्थापकीय पदहरू सिर्जना गर्ने र कर्मचारी पुनर्संरचना गर्ने योजना बनाएको छ। सीएमसीको सिफारिस छ कि यस्ता कार्यहरू तुरुन्त रोक्नुपर्छ, र यस किसिमका दीर्घकालीन निर्णयहरू नवनिर्वाचित कार्यसमितिले मात्र लिनुपर्नेछ।' हाल भइरहेको कर्मचारीविरुद्धका कारबाहीहरूले नेपाल रेडक्रसको सञ्चालनलाई कमजोर बनाउने खतरा भएको उसले जनाएको छ। सीएमसीले पटकपटक सरकारलाई यो विषयमा जानकारी गराएको थियो।

» बाँकी पृष्ठ ६